# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जितपुर, धनकुटा

प्रदेश नं. १, नेपाल


पत्र संख्याः- ०७९/८०
चलानी नं. २०६

मितिः- २०७९।०५।१५

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै)
महालक्ष्मी नगरपालिका, धनकुटा।
श्री स्वास्थ्य कार्यालय (सबै)
महालक्ष्मी नगरपालिका, धनकुटा।

प्रस्तुत विषयमा समावेशी आयोग, पूल्चोक, ललितपुरको प.सं. ०७८/७९ च.नं. ३३४ मिति २०७९/०३/१४ गतेको पत्रबाट आयोगले मिति २०७९/०३/१० मा गरेको निर्णयको कपी थान १ यसै पत्रसाथ सम्लग्न राखी आवश्यक कार्बाहीका लागि पठाईएको ब्यहोरा अनुरोध छ ।

५।१५

निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

प.सं.: ०७८/७९
च.नं.: ३३४

मिति : २०७९/०३/१४

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय : फोहोरमैला व्यवस्थापन गर्ने श्रमिकहरुको स्वास्थ्य सम्बन्धमा ।

उपरोक्त विषयमा फोहोरमैला व्यवस्थापनमा संलग्न सरसफाईकर्मी तथा कर्मचारीहरुले आवश्यक सुरक्षा सामाग्री एवं उपकरण अभावमा स्वास्थ्यमा जोखिम हुने गरी काम गर्नु परिरहेको अवस्था अन्त्यका लागि उचित व्यवस्थापन गर्न सबै स्थानीय तहलाई परिपत्र गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने गरी आयोगबाट मिति २०७९/०३/१० मा देहाय बमोजिम निर्णय भएकोले निर्णय कार्यान्वयनका लागि निर्णयानुसार अनुरोध छ ।

**देहाय**

स्थानीय तहहरु तथा अस्पतालहरुमा फोहोर संकलन, ओसारपसार तथा विसर्जन गर्ने सरसफाईकर्मी तथा कर्मचारीहरुको स्वास्थ्य सुरक्षामा कम ध्यान दिने गरेको र त्यस्ता कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षणका लागि आवश्यक मात्रामा उपकरण र सामाग्री तथा तालिम उपलब्ध नगराएको जानकारी प्राप्त भएकाले त्यसरी सरसफाईमा परिचालित सरसफाईकर्मीहरुको स्वास्थ्य स्थितिको विषयमा यथेष्ट ध्यान दिन र उनीहरुका लागि आवश्यक पर्ने सामाग्री, उपकरण तथा तालिम उपलब्ध गराउने सम्बन्धमा सबै स्थानीय तहहरुलाई आवश्यक व्यवस्था मिलाउनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरी पठाउने र अस्पतालमा परिचालित सरसफाईकर्मीहरुको आवश्यक सुरक्षाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गर्ने ॥

(सुनिता पहरी)
शाखा अधिकृत